# वराहपोखरी गाउँपालिकाको ५ औं गाउँसभामा गाउँपालिका अध्यक्ष श्री शालिकराम बन्जाराज्यूद्वारा प्रस्तुत

## आर्थिक वर्ष २०७६।०७७ को

# वार्षिक नीति तथा कार्यक्रम

मिति: २०७६ साल आषाढ १५ गते आईतबार

वराहपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाघखोरभन्ज्याङ, खोटाङ

**गाउँसभाका सदस्यज्यूहरु,**

वराहपोखरी गाउँ कार्यपालिकाको अध्यक्षको हैसियतले गाउँसभाको बैठकमा आगामी आर्थिक वर्ष २०७६।०७७ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा गौरवको महशुस गरेको छु । यस महत्वपूर्ण अवसरमा मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा ल्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण महान शहीदहरु तथा राष्ट्रप्रति समर्पित दिवङ्गत ज्ञात-अज्ञात व्यक्तित्वहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता र स्वाधिनताको रक्षा गर्दै न्यायपूर्ण समाज निर्माण र समृद्धिको मार्गमा एकताबद्ध रहेका महान नेपाली नागरिक र राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्दछु ।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजन गरी नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून बमोजिम गर्न पाउने व्यवस्था गरी मुलुकले युगान्तकारी राजनैतीक उपलब्धी हासिल गरेको छ । "समृद्ध नेपाल, सुखी नेपाली"को राष्ट्रिय आकाँक्षा र "कृषि, पर्यटन, प्राकृतिक सम्पदा र पूर्वाधार: सभ्य समृद्ध वराहपोखरी गाउँपालिकाको मूल आधार" भन्ने गाउँपालिकाको सौँच हाँसिल गर्ने मार्गमा दत्तचित्त भई सो को लागी वराहपोखरी गाउँ कार्यपालिका प्रतिवद्ध छ ।

स्थानीय सरकार मार्फत आफ्नो गाउँ आफै बनाउने अभियान संचालन गर्न पाउनु भनेको एउटा सुनौलो अवसर र चुनौतीको रुपमा लिएको छु । नेपालको संविधानले अधिकार, श्रोत, साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता सहितको सार्वभौम अधिकार स्थानीय तहमा प्रदान गरी सकेको हुँदा स्थानीय तहलाई थप मर्यादित र व्यवस्थित बनाउदै सर्वाङ्गीण विकास गर्नु अबको आवश्यकताको रुपमा लिएको छु ।

**उपस्थित गाउँसभाका सदस्यज्यूहरु तथा अन्य महानुभावहरु,**

वराहपोखरी गाउँपालिकाको आ व ०७६।०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भन्दा पहिले गाउँसभामा आ व २०७५।०७६ मा प्रस्तुत भएको नीति तथा कार्यक्रमका समीक्षा गर्न चाहान्छु ।

**(क) आर्थिक क्षेत्र**

☞ **कृषि :** सुख्खाग्रस्त क्षेत्रमा सिंचाई विस्तार गर्न नसकिएको, आर्गनिक कृषि पद्धति, पकेट क्षेत्रको अवधारणा, नगदेवाली उत्पादन र निर्यात, व्यवसायिक कृषि पद्धतिलाई समयसापेक्ष समुचित रुपमा प्रोत्साहन र प्रवर्द्धन गर्न सकिएको छैन ।

☞ **उद्योग तथा वाणिज्य:**

- ढाका बुनाई, बाँसबाट निर्मित सामान, गुडिया र थुक्पा जस्ता समान उत्पादन गर्ने सीप सिकाई जस्ता प्रशिक्षण कार्यक्रम संचालन भई आत्मानिर्भर तथा स्वावलम्वन हुन सक्ने जनशक्ति उत्पादन भएका,
- उद्योग र व्यापार दर्ता एवं व्यवस्थापन गर्न नसक्दा बजारीकरण हुन नसकेको गाउँपालिका क्षेत्र भित्र सनराइज बैंक भएपनि कारोबारमा तिव्रता ल्याउन नसकिएको,
- धर्तुङ-वराहपोखरीलाई दीगो रुपमा बजारीकरण गर्न सकिएको छैन ।

☞ **पर्यटन :**

- वराहपोखरीलाई पर्यटकीय गन्तव्यस्थलको रुपमा विकास गर्न DPR बनाउने कार्य भई रहेको,
- गोकुलथुम्कामा NTC को BTC Tower निर्माण गर्न सडक निर्माण गरिएको,
- वराहपोखरीमा DPR निर्माण भई नसक्दा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान रकम उपयोग गर्न सकिएको छैन ।

☞ **सहकारी :**

- सहकारी संस्थाको गतिविधि न्यून रहेको छ ।

**(ख) सामाजिक क्षेत्र**

☞ **शिक्षा :**

- विद्यालय विस्तार र गाभ्ने कार्य गर्न नसकिएको,
- नमूना मा वि को अवधारणा ओझेलमा परेको,
- सामुदायिक विद्यालयमा भर्ना दर वृद्धि गर्न र गुणस्तर कायम गर्न नसकिएको,
- विद्यालयमा विज्ञान प्रयोगशाला, पुस्तकालय, र ई-लाइब्रेरीको व्यवस्थापनको शुरुवात गरिएको,
- जनशक्ति अभावमा विद्यालयमा मासिक र चौमासिक रुपमा अनुगमन गर्न सकिएको छैन ।

☞ **संस्कृति प्रबर्द्धन :**

- स्थानीय भाषा, संस्कृति, पर्व आदि झल्काउने र प्रवर्द्धन गर्न सहयोग पुर्याउने कार्यक्रम संचालन गर्न सकिएको छैन ।

☞ **स्वास्थ्य :**

- आधुनिक सेवा सुविधायुक्त अस्पताल निर्माण र संचालनमा पहल गर्न नसकिएको,
- वर्थिङ सेन्टर व्यवस्थापनमा तिव्रता आएको,
- सबै वडाहरुमा पूर्ण खोप सुनिश्चित गर्ने कार्यलाई अभियानको रुपमा संचालन गरिएको छ ।

☞ **समावेशीकरण :**

- महिलाहरुको अर्थपूर्ण सहभागिता गराउन नसकिएको,
- लैंगिक समानता र समता कायम गर्ने प्रयास भई रहेको ,
- सामाजिक समावेशीकरणलाई प्राथमिकता दिईएको छ ।

☞ **खानेपानी :**

- मुहान संरक्षण कार्यलाई तिव्रता दिईएको,
- साना सिंचाईको कार्यक्रम संचालन भई रहेको छ ।

☞ **ज्येष्ठ नागरीक सम्मान :**

- कार्यक्रम राखेर पनि सम्मान गर्न सकिएको छैन ।

## (ग)पूर्वाधार विकास

☞ **सडक/बाटो :**

- ५ नं वडा कार्यालय बाहेक गाउँपालिका केन्द्रसँग बाँकी पाँच वटा वडा केन्द्रहरु जोडिएका,
- सडकको स्तरोन्नति कार्यमा तिव्रता आएको,
- ओख्रेखोलामा झोलुङ्गेपुल निर्माण कार्य भईरहेको छ ।

☞ **संचार :**

- प्रत्येक वडामा इन्टर्नेट जडान कार्य तथा Free-WIFI व्यवस्थापनको कार्य अन्तिम चरणमा पुगेको,
- इन्टर्नेटको दुई ठूला टावरहरु निर्माण तथा सम्पूर्ण वडा कार्यालयहरुमा CC-Camera को जडान गर्ने कार्य भईरहेको,
- अडियो नोटिस बोर्ड सञ्चालनमा आईरहेको,
- सामुहिक SMS (Group SMS) प्रणाली सञ्चालनमा आईरहेको,
- गाउँपालिकाको वेवसाइट तथा मोवाईल एप्लिकेशन प्रयोगमा आईरहेको छ ।

☞ **विद्युत :**

- धाप्लाङ्देखि सिन्ताङ्सम्म विद्युत विस्तारको कार्य भई रहेको,
- आगामी आ व मा विद्युत विस्तार गर्न विद्युत सामाग्री खरीद गरिएको छ ।

**(घ) वातावरण तथा विपद् व्यवस्थापन**

☞ सामुदायिक वन सम्बन्धी कार्यक्रमलाई सम्बोधन गर्न नसकिएको,

☞ वृक्षरोपण कार्यक्रम संचालन गर्न नसकिएको,

☞ गाउँपालिका स्तरीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गर्न नसकिएको,

☞ विपदबाट प्रभावित परिवारलाई राहत वितरण गर्ने कार्य भईरहेको,

☞ विपद् व्यवस्थापनका सचेतनामूलक कार्यक्रम संचालन गर्न सकिएको छैन ।

**(ङ) सुशासन, संस्थागत विकास र सेवा प्रवाह**

☞ गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण प्रभावकारी रुपमा गर्न नसकिएको,

☞ निर्माण भएका कानूनलाई राजपत्रमा प्रकाशन गर्न नसकिएको,

☞ विद्युत जडान नभएकोले विद्युतीय शासनलाई नियमित व्यवस्थापन गर्न नसकिएको,

☞ कर्मचारी र कार्यालय प्रमुखको बैठक गर्न सुरु गरिएको,

☞ संस्थागत विकासका लागि प्रयास भईरहेको,

☞ कर्मचारी न्यून भएपनि सेवा प्रवाह नियमित रुपमा भईरहेको,

☞ गाउँपालिकाको आफ्नो भवन निर्माण भई नसकेको र कार्यालय बसेको ठाउँमा स्थान थोरै भएकोले गुनासो सुनुवाई कक्ष, (डिजिटल) नागरिक वडापत्र, डिजिटल सूचना पाटीको व्यवस्थापन गर्न सकिएको छैन ।

**संक्षेपमा समीक्षा गर्नु पर्दा,**

☞ यस गाउँपालिकाको सबै वडा कार्यालयसम्म मोटरबाटोको ट्र्याकले जोड्ने काम सम्पन्न भईसकेको छ ।

☞ यस गाउँपालिकाभित्र रहेका मुख्य सडक मार्गहरुलाई फराकिलो चौडा बनाई स्तरोन्नति गर्ने कार्य भईरहेको छ साथै गाउँपालिकाका ६ वटा ठूला सडकहरुका विस्तृत योजना प्रतिवेदन (DPR) तयार गरि सकिएको छ ।

☞ गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिरी जडान र E-Library स्थापना गर्ने कार्यहरु भई रहेको छ भने सबै विद्यालयहरुमा IEMIS मा अभिलेख राख्ने कामको सुरुवात गरिएको छ ।

☞ "स्वास्थ्य नै धन हो" भन्ने कुरालाई मध्यनजर गरी चालु आ.व. मा औषधि तथा उपचारको अभाव हुन नदिन पहल गरिएको ।

☞ कृषि तथा पशु सेवाका कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिएको छ ।

☞ न्यायीक निरुपणमा सहजीकरण गर्नका लागि सबै वडामा सामुदायिक मेलमिलाप केन्द्र स्थापना गरी संचालन गरिएको छ। यसै गरी स्थानीय सरकार संचालन ऐनले तोके बमोजिमका न्यायीक निरुपणका कार्यहरु सम्पादन गर्ने दिशामा पहल भई रहेको छ ।

☞ गाउँपालिकामा विपद् व्यवस्थापनमा छुट्याईएको रकम प्रकोप पिडित परिवारलाई वितरण गर्ने कार्य गरिएको छ ।

☞ सूचना प्रविधि सेवा केन्द्रको स्थापना तथा सञ्चालनका लागि प्रकृया सुरु गरिएको छ ।

☞ प्रधानमन्त्री रोजगार कार्यकमको शुरुवात गरिएको छ ।

☞ यस गाउँपालिकाको वडा नं १ वराहपोखरी र वडा नं २ धाप्लाङमा विजुली बत्ती बलेपनि चालु आ व मा धाप्लाङदेखि सिन्ताङसम्म विजुली बत्ती बाल्न पूर्वाधारको कार्य भईरहेको छ । आगामी आर्थिक वर्षमा अन्य वडाहरुमा विद्युत सम्बन्धी कार्य विस्तार गर्न विद्युत सामाग्री खरीद गर्ने कार्य अन्तिम चरणमा पुग्न लागेको छ ।

**उपस्थित गाउँसभाका सदस्यज्यूहरु तथा अन्य महानुभावहरु,**

अब म वराहपोखरी गाउँपालिकाको आगामी आ व २०७६।०७७ को लागि क्षेत्रगत वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

## १. पूर्वाधार नीति

- ☞ **सडक सम्बन्धी नीति:** गाउँपालिकाको गुरुयोजनाको आधारमा दिगो विकासको लक्ष्य, १५ औं राष्ट्रिय योजना, संघीय सरकारको वार्षिक कार्यक्रम, प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई स्थानीयकरण गरिंदै लगिने छ । सडक तथा अन्य भौतिक पूर्वाधारको विकास गर्दै गाउँपालिका क्षेत्र भित्र गौरवको योजना सञ्चालन गरी दीगो विकास गर्ने लक्ष्य लिईएको छ । चालु आ.व. मा सम्पन्न नभएका आयोजनाहरुलाई आगामी आ व मा पनि निरन्तरता दिने नीति लिइने छ । वराहपोखरी गाउँपालिका भौगोलिक रुपमा अत्यन्तै विकट भएको हुनाले सडक निर्माण कार्यलाई उच्च प्राथमिकता दिईने छ । संघ र प्रदेश सरकारसँग समन्वय गरी मूल सडकहरुलाई कालोपत्रे बनाउने प्रयास गरिने छ । ओख्रेखोलामा निर्माणाधीन झोलुङ्गे पुल संचालन गरिने छ । धाप्लाङमा निर्माणधिन पक्की पुलको कार्य निरन्तरता नभएकाले सिघ्र कार्य अगाडी बढाईदिन सम्बन्धित निकायमा पहल गरिनेछ । गाउँपालिका अन्तर्गतका मुख्य सडकलाई कालोपत्रे बनाउन विशेष पहल गरिनेछ ।
- ☞ **भवन सम्बन्धी नीति:** वडा नं १, २, ३ र ५ मा पक्की भवन निर्माण भईरहेकोले अन्य बाँकी वडामा समेत क्रमश: पक्की भवन निर्माण गर्ने प्रयास जारी राखिनेछ ।
- ☞ **उर्जा सम्बन्धी नीति:** गाउँपालिकाको वडा नं १ को आंशिक क्षेत्र र वडा नं २ को धाप्लाङ बाहेक अन्य क्षेत्रमा विजुली बत्तीको सुविधा नपुगेकोले धाप्लाङदेखि गाउँपालिकासम्म चालु आ व मा विद्युतीकरणको लागि पूर्वाधारको कार्य सम्पन्न भएकोले आगामी आ व को शुरुवातमै विजुली बत्ती बाल्ने प्रयास गरिने छ । चालु आ व मा प्रेदश सरकारबाट प्राप्त रकमबाट खरीद गरिएका विद्युत सामाग्री वडा नं ३ को सिन्ताङबाट वडा नं ६ को वडा कार्यालय भवन मौवाबोटेसम्म विद्युत विस्तार गर्न उपयोग गरिनेछ र बाँकी रहेका विद्युत सामाग्रीहरु प्राथमिकताको आधारमा उपयोग गरिनेछ । विजुली बत्ती नपुगेको क्षेत्रमा वैकल्पिक उर्जा शौर्य शक्तिको प्रयोगबाट उज्यालो कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिईने नीति अवलम्वन गरिनेछ । गाउँपालिकाका सबै वडाहरुलाई राष्ट्रिय विद्युत प्रशारण लाइनमा जोड्न आवश्यक पहल गरिनेछ ।

☞ **संचार सम्बन्धी नीति:** चालु आ व मा सूचना प्रशारणका लागि सामूहिक एस एम एस (Group SMS) प्रणाली सञ्चालनमा आईरहेको साथै अडिय नोटिस बोर्ड तथा मोवाइल एप्लिकेशन प्रयोगमा आईरहेको छ । यस गाउँपालिका केन्द्रबाट सबै वडा केन्द्रमा इन्टर्नेट र WIFI को व्यवस्था गर्ने कार्यको लागि पूर्वाधारको कार्य अन्तिम चरणमा पुगेकाले आगामी आ व मा यसलाई पूर्ण रुपमा व्यवस्थित गर्ने नीति लिईएको छ साथै गाउँ कार्य पालिकाको कार्यालयमा पालो व्यवस्थापन प्रणाली, ई-हाजिरी, डिजिटल नोटिस बोर्ड तथा डिजिटल नागरिक वडापत्रको स्थापना तथा सम्पूर्ण वडाकार्यालयहरुमा ई-हाजिरी, डिजिटल नोटिस बोर्ड तथा डिजिटल नागरिक वडापत्रको स्थापना गरी यस गाउँपालिकालाई प्रविधिमैत्री तथा विद्युतीय शासन व्यवस्था कायम गर्न पहल गरिनेछ । आगामी आर्थिक वर्षमा गाउँ कार्यपालिकाको कार्यालयमा सूचना प्रविधि सेवा केन्द्रको स्थापना र सञ्चालन गर्न पहल भईरहेको छ ।

## २. वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति:

☞ वन तथा भू-संरक्षण, जलधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण र विपद् व्यवस्थापन गर्नुपर्ने क्षेत्र एकीन गरी यस सम्बन्धी कार्य केन्द्र सरकार र प्रदेश सरकारसँग सहयोग र समन्वयमा अगाडि बढाईने नीति लिईएको छ । आगामी आ व मा गाउँपालिका स्तरीय विपद् पूर्वतयारी र प्रतिकार्य योजना निर्माण गर्न पहल गरिनेछ ।

☞ बालुवा, ढुंगा र गिट्टीको निश्कासन गर्ने क्षेत्र एकीन गरी सो को लागि वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment) गराउने कार्यलाई अगाडि बढाईनेछ ।

☞ जलवायु परिवर्तनसँग सम्बन्धीत क्षेत्रमा कार्यारत विभिन्न संघ संस्थाहरुसँग सहकार्य गरी जलवायु अनुकूलन सम्बन्धी कार्याक्रम संचालन गर्ने नीति लिईएको छ ।

## ३. आर्थिक विकास

☞ **कृषि:**

- एक नेपाली एक फलफूलको विरुवा रोप्ने कार्यक्रमलाई प्रभावकारी बनाउन यसको प्रचार प्रशार गरिनेछ । प्रत्येक वडामा हुने कृषि बालीको पहिचान गरी कृषि पकेट क्षेत्र तोक्ने कार्यमा पहल गरिनेछ । कृषकहरुलाई पकेट क्षेत्र अनुसार

उन्नत जातको बेर्ना, विउविजन र सो को लागि आवश्यक पर्ने औषधी उपलब्ध गराउन पहल गरिनेछ । किसानको हकहित संरक्षण र सम्वर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भू-उपयोग नीतिको अवलम्वन गरिनेछ । कृषकहरुलाई कृषि सम्बन्धी प्राविधिक ज्ञान उपलब्ध गराईनेछ ।

☞ **उद्योग तथा वाणिज्य:**

- उद्योगधन्दालाई करमा आबद्ध गराउन PAN र VAT मा दर्ता गराउन पहल गरिनेछ ।
- उद्योगधन्दाको प्रबर्धनको लागि बजारीकरणको नीति अवलम्वन गरिनेछ ।
- उद्योगधन्दा स्थापनामा सहयोग गर्न सीप विकास सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

☞ **पर्यटन:**

- यस वराहपोखरी गाउँपालिका वडा नं १ मा रहेको धार्मिक, साँस्कृतिक एवम् पर्यटकीय गन्तव्यस्थलको रुपमा रहेको वराहपोखरी र शंखेश्वर महादेवको मन्दिर, वडा नं ३ स्थित रहेको गोकुलथुम्का, वडा नं २ र ४ को बीचमा रहेको सुनापाताल, वडा नं ३ मा रहेको घोप्टेथला, वडा नं ५ मा रहेको खोटाङ र उदयपुरको संगमस्थलको रुपमा रहेको दमार (वंशीलाघाट) र वडा नं २ मा रहेको खोटाङ र उदयपुरको संगमस्थलको रुपमा रहेको धाप्लाङघाट पर्यटकीय स्थलका रुपमा परिचित छन् ।
- वराहपोखरी पर्यटकीयस्थलको परिमार्जित गुरुयोजना र विस्तृत परियोजना प्रतिवेदनको निर्माण कार्य अन्तिम चरणमा पुगेकोले यसलाई भौतिक पूर्वाधारको विकास गरी पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गरिनेछ ।
- सुनापाताल डाँडा पर्यटकिय स्थलको भौतिक पूर्वाधार विकासको लागि केन्द्र र प्रदेशसँग सहयोग माग गरी दोश्रो प्रथमिकतामा राखी कार्य अगाडि बढाईनेछ ।
- धाप्लाङघाटमा पिकनिकस्थल निर्माण गरी आन्तरिक पर्यटक आकर्षित गरिनेछ ।
- घोप्टेथला र वंशिलाघाटलाई समेत पर्यटकीय स्थलको रुपमा विकास गर्न पहल गरिनेछ ।

☞ **सहकारी** : सहकारी संस्थाहरु रुग्ण अवस्थामा रहेकाले यस्तो संस्थाहरुलाई प्रोत्साहन गरी परिचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

☞ **बैंक तथा वित्तीय क्षेत्र सम्बन्धी नीति:**

- विभिन्न समूह मार्फत बचत तथा ऋणको कारोबार गर्न स-साना समूहरुलाई सहकारी संस्थामा दर्ता गर्न प्रोत्साहन गरी सहकारी संस्थाको स्थापनामा जोड दिईनेछ ।
- बैंक तथा वित्तीय संस्थाहरुको स्थापना गर्न आवश्यक सहजीकरण गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र स्थापना भएको सनराइज बैंकमा आगामी आर्थिक वर्षमा सरकारी खाता खोली सरकारी कारोबार संचालन गर्न पहल गरिनेछ ।

## ४. सामाजिक विकास

☞ **शिक्षा सम्बन्धी**

- सबै बालबालिकाहरुलाई विद्यालयमा पहुँच स्थापित गरी विद्यालय बाहिर रहने बालबालिकाको संख्यामा न्यूनीकरण गरिनेछ ।
- गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि बाल विकास केन्द्रको व्यवस्थापन गर्दै आधारभूत तहको व्यवस्थापनमा विशेष जोड दिईनेछ ।
- विद्यालयको भौतिक पूर्वाधारमा क्रमश: सुधार गरिँदै लगिनेछ ।
- विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाउन विद्युतीय हाजिरी जडान गर्ने कार्यक्रमलाई निरन्तरता दिन पहल गरिनेछ ।
- प्रत्येक विद्यालयमा इन्टरनेट सुविधा तथा CC-Camera जडान गर्न पहल गरिनेछ ।
- प्रत्येक विद्यालयमा शिक्षा सम्बन्धी एकीकृत सूचना व्यवस्थापन प्रणाली (IEMIS) लाई अनिवार्य गरिनेछ ।
- कार्यसम्पादनको आधारमा उत्कृष्ट शिक्षक र विद्यालयलाई प्रोत्साहनको लागि उचित व्यवस्था गरिनेछ ।
- SEE मा गाउँपालिका भित्र उत्कृष्ट हुने छात्रछात्रालाई प्रोत्साहन गरिने नीति लिईएको छ ।
- विद्यालयहरुलाई बालमैत्री बनाउन पहल गरिनेछ साथै "छोरी शिक्षा अभियान" सञ्चालन गरिनेछ ।

- गाउँपालिका स्तरीय शिक्षा समिति गठन गर्न पहल गरिनेछ ।
- प्राविधिक शिक्षालाई प्रोत्साहन गरिनेछ ।
- विद्यालयमा अपाङ्गमैत्री वातावरणको व्यवस्थापन गरी विद्यार्थीको पठनपाठनमा विशेष व्यवस्था मिलाईनेछ ।
- कृषि प्राविधिक शिक्षालय स्थापना गर्न पहल गरिनेछ ।

☞ **खानेपानी तथा सरसफाई**

- गाउँपालिका भित्रका नागरिकलाई स्वच्छ खानेपानीको व्यवस्था गर्नका लागि पानीका मुहान संरक्षण तथा सुद्धिकरण गर्दै लगिनेछ ।
- सबै नागरिकलाई खानेपानी पहुँच विस्तार गर्न आवश्यक योजनाहरु संचालन गरिनेछ ।
- पालिकाभित्रका सबै सार्वजनिक निकायहरुमा सुविधा सम्पन्न शौचालय निर्माण गर्ने नीति लिईनेछ । सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण गर्न पहल गरिनेछ ।

☞ **संस्कृति**

- स्थानीय भाषा, रहन सहन, भेषभुषा, पर्व, रीतिरिवाज झल्कने मौलिक संस्कृतिका कार्यक्रमहरु संचालन गर्न पहल गरिनेछ ।
- विभिन्न भेषभुषा, बाजागाजा तथा धार्मिक पुस्तकहरुको धार्मिक संग्राहालय निर्माण गर्न पहल गरिनेछ ।

☞ **लैंगिक समानता तथा सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा**

- लक्षित वर्गका लागि सशक्तिकरण गर्ने र उनीहरुलाई समाजको मूलधारमा ल्याउने प्रकृतिका कार्यक्रमहरु संचालन गरिने नीति अवलम्वन गरिनेछ ।
- मानव अधिकारको उच्च सम्मान गर्दै सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्ने नीति लिईनेछ ।
- ज्येष्ठ नागरिकलाई सम्मान गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ ।
- "स्वास्थ्य नै धन हो" भन्ने मूल नारालाई आधारमानी सबै नागरिकलाई गुणस्तरीय तथा विश्वसनीय स्वास्थ्य सेवा उपलब्ध गराईनेछ ।
- स्वास्थ्य संस्थाहरुलाई व्यवस्थित गर्दै निकट भविष्यमा गाउँपालिकास्तरीय सुविधा सम्पन्न अस्पताल निर्माण गरी संचालन गर्न पहल गरिनेछ ।

- आवश्यकतानुसार सामुदायिक स्वास्थ्य इकाईको स्थापना गरिदै लगिनेछ ।
- महिला स्वयम् सेविकाहरुको कार्यलाई थप प्रभावकारी बनाउन प्रोत्साहन गरिदै लगिनेछ ।
- वृद्धाश्रम निर्माणको लागि पहल गरिनेछ ।
- वाल विवाह, बहुविवाह र अनमेल विवाहलाई निरुत्साहित गर्न विशेष कदम चालिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा श्रोत साधनले भ्याएसम्म औषधिको व्यवस्था गरिनेछ ।

## ५. संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन

### ☞ संस्थागत विकास सम्बन्धी नीति

- कार्यालय व्यवस्थापनमा प्रभावकारिता ल्याईनेछ ।
- आन्तरिक श्रोत वृद्धि गर्न थप करका क्षेत्रहरु पहिचान गरिनेछ ।
- कर्मचारीको लागि कार्यालयमा उचित कार्यवातावरणको व्यवस्था गरिनेछ ।
- कर्मचारीको क्षमता विकासको लागि NASC द्वारा हुने तालिममा सिफारिस गरिनेछ ।
- कार्य सम्पादन मूल्यांकनको आधारमा कर्मचारीलाई पुरस्कार तथा सुधार (Reward & Improvement) को व्यवस्था मिलाईनेछ ।

### ☞ सेवा प्रवाह तथा सुशासन सम्बन्धी नीति

- सार्वजनिक सेवा प्रवाहलाई विभेद रहित बनाउँदै गुणस्तरीय, पारदर्शी, छिटोछरितो, झन्झट रहित ढंगले सरलीकृत रुपमा सेवा प्रवाह गर्ने नीति अवलम्बन गरिनेछ ।
- सेवा प्रवाहलाई विद्युतीय शासन एवम् प्रविधिमैत्री बनाउन पहल गरिनेछ ।
- सेवा प्रवाहको मापदण्ड निर्धारण गरिनेछ ।
- वित्तीय अनुशासन कायम गरिनेछ ।
- अन्तिम लेखापरीक्षण तथा बेरुजु फछ्र्यौटमा तदारुकता ल्याईनेछ ।
- आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाईनेछ ।
- अर्धवार्षिक रुपमा सार्वजनिक सुनुवाई गरिनेछ ।

- कर्मचारी बैठक २/२ महिनामा गरी गुनासो व्यवस्थापन गरिनेछ ।
- सूचना पाटी, गुनासो पेटी, सहायता कक्ष (Help Desk)/सोधपुछ कक्ष/नागरिक वडापत्रलाई व्यवस्थित तथा डिजिटाइजेशन गरी प्रविधिमैत्री बनाईनेछ ।
- केन्द्र र प्रदेशस्तरीय निकायसँगको समन्वय र पहलमा गाउँपालिकाबासीले जीउ धनको सुरक्षाको प्रत्याभूति महसुस गर्न सकिने गरी शान्ति सुरक्षाको व्यवस्था मिलाईनेछ ।

**६. युवा तथा खेलकूद**

- ☞ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता गाउँपालिकामा सञ्चालन गरिनेछ ।
- ☞ पालिकास्तरीय महिला तथा पुरुष स्तरीय फुटवल तथा भलिवल प्रतियोगिता संचालन गरिनेछ ।
- ☞ खेलकूद क्षेत्रको विकासको लागि पालिका स्तरीय खेलमैदान र वडास्तरीय खेलमैदान निर्माण गरिदै लगिनेछ ।
- ☞ बेरोजगार युवाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमको माध्यमबाट रोजगारी सृजना गर्दै लगिनेछ ।
- ☞ युवाहरुलाई आत्मनिर्भर बनाउनका लागि सीप विकास सम्बन्धी उद्यमशीलता कार्यक्रम संचालन गरिनेछ ।
- ☞ खेलाडिहरुलाई आवश्यक प्रशिक्षणको व्यवस्था गरि विभिन खेल सम्बन्धी प्रशिक्षक झिकाई परिक्षण दिई खेलकुदलाई अगाडि बढाईनेछ ।

७. बहुक्षेत्रीय योजनालाई निरन्तरता दिई पोषणमैत्री वडा बनाउँदै वराहपोखरी गाउँपालिका नै पोषणमैत्री गाउँपालिका बनाउने नीति लिईएको छ ।

**अन्त्यमा,**

"समृद्ध वराहपोखरी: सुखी वराहपोखरीबासी" र "कृषि, पर्यटन, प्राकृतिक सम्पदा र पूर्वाधार: सभ्य र समृद्ध वराहपोखरी गाउँपालिकाको मूल आधार" भन्ने अभियानमा जुट्न सबैको साथ र सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद !**